जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ५८ पृष्ठः ४ | २०८३ असार ०७ आइतबार (Sunday 21 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## प्रअको लापरबाहीले २ दिन देखि पठनपाठन प्रभावित, विद्यार्थीले गरे तालाबन्दी





**मुकेश कुमार यादव**

सिरहा ५ असार। सिरहाको औरही गाउँपालिका–१ दरहियास्थित श्री जनता माध्यमिक विद्यालय ( प्राविधिक धार) का प्रधानाध्यापकको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै विद्यार्थीहरूले गरेको तालाबन्दीका कारण ३ दिनदेखि पठनपाठन प्रभावित बनेको छ। विद्यालयका प्रधानाध्यापक उपेन्द्र प्रसाद यादवले कक्षाकोठामै विद्यार्थीहरूसँग अशोभनीय व्यवहार गर्ने, अश्लील शब्द प्रयोग गर्ने तथा पढाउनुपर्ने विषयवस्तु भन्दा राजनीतिक गतिविधिमा बढी संलग्न हुने गरेको आरोप लगाउँदै विद्यार्थीहरूले असार ३ गते नै प्रधानाध्यापकको कार्यालयमा तालाबन्दी गर्दा पठनपाठन प्रभावित भएको हो।

तालाबन्दीपछि समस्या समाधानका लागि पहल गर्नुको सट्टा प्रधानाध्यापकले घटनालाई बेवास्ता गर्दै आफ्ना निकट विद्यार्थीहरूलाई उचालेर विद्यालयको शैक्षिक वातावरण थप बिगार्ने प्रयास गरेको स्थानियहरुको गुनासो छ। स्थानीय युवा धर्मेन्द्र यादवका अनुसार विद्यार्थीहरूले कार्यालयमा तालाबन्दी गर्दा प्रधानाध्यापक कुनै प्रतिक्रिया नदिई विद्यालयबाट बाहिरिएका थिए। 'विद्यालयमा यस्तो अवस्था सिर्जना हुँदा प्रधानाध्यापकले जिम्मेवारीपुर्वक समस्या समाधानतर्फ लाग्नुपर्ने हो तर उहाँको व्यवहारका कारण पनि पठनपाठन हुन सकिरहेको छैन्' उनले भने।

अभिभावक प्रमोद यादवले विद्यालयमा शिक्षण गतिविधिभन्दा राजनीतिक प्रभाव बढ्दै गएको आरोप लगाएका छन्। एक समय यही विद्यालयबाट अध्ययन गरेका विद्यार्थीहरू डाक्टर, शिक्षक लगायत विभिन्न क्षेत्रमा सफल भएका थिए तर पछिल्लो २ वर्षयता विद्यालयको शैक्षिक अवस्था निकै कमजोर बनेको उनले बताए। यता, विद्यालयमा दुई दिनदेखि पठनपाठन अवरुद्ध भएको विषयमा प्रतिक्रिया लिन प्रधानाध्यापक उपेन्द्र प्रसाद यादवसँग सम्पर्क गर्न खोजिए पनि उनी सम्पर्कमा आउन चाहेनन्।

औरही गाउँपालिकाको शिक्षा शाखामा कार्यरत कर्मचारी सन्तोष यादवले भने घटनाबारे आफूलाई औपचारिक जानकारी नभएको बताए। 'तपाईंको फोनमार्फत पहिलो पटक जानकारी पाएँ, न

–बाँकी दुई पेजमा

## सिरहा पुस्तकालयले गर्यो पत्रकार सुरेश रायलाई सम्मान




सिरहा, ६ असार। सिरहा पुस्तकालयले आफ्नो ७१औं वार्षिकोत्सवको अवसर पारेर पत्रकार सुरेश रायलाई नगद पुरस्कारसहित सम्मान गरेका छन्। मधेश प्रदेशको सिरहा जिल्लामा रहि नागरिकसम्म सूचना तथा समाचारको पहुँच विस्तारमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै सिरहा पुस्तकालयले रायलाई नगद रु ५ हजार १०० सय नगद सहित सम्मानपत्र प्रदान गरेको हो।

वार्षिकोत्सव कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेश सरकारका शिक्षा तथा सांस्कृती मन्त्री मनोजकुमार सिंहले पत्रकार रायलाई नगद पुरस्कार, सम्मानपत्र तथा दोसल्ला ओढाएर सम्मान गरेका थिए। सम्मान ग्रहणपछि रायले आफूलाई प्राप्त सम्मानले

–बाँकी दुई पेजमा

## कमला नदीको डाइभर्सन भासियो, आवतजावत ठप्प

### करोडौं रुपैयाँ खर्च गरेर निर्माण गरिएको डाइभर्सन सामान्य वर्षाले नै भत्काइदिएपछि एक जिल्लाबाट अर्को जिल्लामा जान कठिनाइ भएको छ।

**सुरेश राय**



सिरहा, ६ असार। सिरहा र धनुषा जोड्ने कमला नदीको पुल आसपास निर्माण गरिएको अस्थायी डाइभर्सन (तारजाली र माटोको बाँध) भासिँदा आवतजावत ठप्प भएको छ। करोडौं रुपैयाँ खर्च गरेर निर्माण गरिएको डाइभर्सन सामान्य वर्षाले नै भत्काइदिएपछि एक जिल्लाबाट अर्को जिल्लामा जान कठिनाइ भएको छ। सिरहातर्फको बसबिट्टा क्षेत्रमा करिब १ करोड २५ लाख रुपैयाँको लागतमा निर्माण गरिएको करिब २०० देखि ३०० मिटर लामो उक्त अस्थायी संरचना तीन–चार महिनाअघि मात्र सञ्चालनमा आएको थियो।

तत्कालीन प्रधानमन्त्री मन्त्री सुशिला कार्की सरकारका भौतिक पूर्वाधार मन्त्री कुलमान घिसिङको कार्यकालमा उक्त डाइभर्सन निर्माण गरिएको थियो। जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले कमला पुल क्षेत्रको डाइभर्सनमा क्षति पुगेको जानकारी प्राप्त भएको र सम्बन्धित निकायसँग थप विवरण बुझ्ने काम भइरहेको बताए। उनले भने, 'वर्षाले गर्दा कमलामा पानीको बहाव बढेको हुनाले नागरिकहरू डुङ्गा चढेर यात्रा गरिरहेका छन्। पानीको बहाव बढेकै कारण १५–२० दिनदेखि आवतजावत बन्द भएको हो।'

रातिको वर्षाले मुख्य बाटोको डाइभर्सनमा क्षति पुगेपछि डुङ्गा चढेर मात्र यात्रा गर्नुपर्ने अवस्था छ। प्रमुख जिल्ला अधिकारी पौडेलले जोखिम मोलेर यात्रा गर्नुको साटो लामै भए पनि सहज यात्रा गर्न आग्रह गरेका छन्। स्थानीय रामचन्द्र यदुवंशीका अनुसार बिहीबार राति

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं**

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल–ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## द्वन्द्वकालीन यौन हिंसा पीडितले पनि न्याय पाउन् !

दशक लामो माओवादी सशस्त्र विद्रोह त २०६३ मा सरकार र विद्रोहीबीच समझदारीपछि अन्त्य भयो तर शान्ति सम्झौता भएको दुई दशकसम्म पनि सङ्क्रमणकालीन न्यायका लागि गरिएको प्रतिज्ञा भने कहिल्यै सरकारको प्राथमिकतामा परेन। त्यसमा पनि द्वन्द्वकालका यौन हिंसा पीडितका हकमा न्याय अझ बढी दूर्लभ भएको छ। उनीहरूले न त दोषीलाई सजाय दिलाउन सकेका छन्  न पर्याप्त क्षतिपूर्ति नै पाएका छन्। त्यसो त द्वन्द्वकालमा मारिएका र बेपत्ता पारिएकाहरूका परिवारले पनि न्याय पाएका छैनन्। राज्यले परिपूरणका नाममा केही पैसा त वितरण गर्‍यो तर उनीहरूले न्याय पाएको अनुभव गरेनन्। यसो हुनु स्वाभाविकै पनि हो। कारण, यी दुई दशकमा राज्यले न्यायलाई प्राथमिकता दिएको कहिल्यै देखिएन। बरु राजनीतिक नेतृत्वले पीडितलाई पैसा दिनुलाई नै न्याय ठान्ने गरेको देखिएको छ।

यसबीच सङ्क्रमणकालीन न्याय सम्पादनका औपचारिक प्रयास नगरेको भने होइन। केहीपटक सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका नागरिक छानबिनसम्बन्धी आयोग गठन गरिएको पनि हो। तर, आयोगहरूमा प्रायः भागबन्डाबाट नियुक्ति गरिएको र कानुनमै अन्यायपूर्ण प्रावधानहरू राख्ने प्रयास गरिँदा पनि आयोगहरू सधैँ नै न्याय दिलाउन विफल रहे।  यथार्थमा सङ्क्रणकालीन न्यायसम्बन्धी ऐनहरू अझै अन्तर्राष्ट्रिय मापदण्डअनुसारका बन्नसकेका छैनन्।

सन् २०२५ सम्म सत्य निरूपण तथा मेलमिलाप आयोगमा ४ हजार२२६ वटा द्वन्द्वकालीन यौन हिंसासम्बन्धी उजुरी दर्ता भएका छन्। वास्तविक संख्या यसभन्दा धेरै भएको अधिकारकर्मीहरूको दाबी छ। संयुक्त राष्ट्रसंघीय प्रतिवेदनमा द्वन्द्वकालमा भएका अधिकांश बलात्कार र यौन हिंसाका घटनामा राज्यका सुरक्षा निकायका जवान संलग्न भएको उल्लेख छ। प्रतिवेदनअनुसार यौन हिंसाका घटनामा माओवादी पक्षको पनि संलग्नता थियो।

शान्ति सम्झौतापछि सधैँ नै सरकारमा द्वन्द्वमा संलग्नहरू नै नेतृत्वमा रहे। गत २०८२ को भदौ २३र२४ पछि मात्र द्वन्द्वमा संलग्नहरू सत्ताबाट बाहिर भएका हुन्। यसैले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन निर्माणमा राजनीतिक नेतृत्वको विशेषगरी माओवादीको प्राथमिकता न्यायभन्दा माफी र मेलमिलापमा रहेको देखिन्थ्यो। अधिकारकर्मी र पीडितहरूको प्राथमिकता भने स्वाभाविकरूपमा न्याय रहने नै भयो।

अब सरकार बदलिएको छ। सङ्क्रमणकालीन न्यायसँग राजनितिक नेतृत्वको प्रत्यक्ष स्वार्थको द्वन्द्व छैन। यसैले आयोगहरूको गठनदेखि नै सरकार सङ्क्रमणकालीन न्यायको प्राथमिकताप्रति स्पष्ट र प्रतिबद्ध हुने अपेक्षा गर्नु अनुचित हुनेछैन। परिपूरणमात्र होइन न्याय अब राज्यको प्राथमिकता र प्रतिबद्धता हुनुपर्छ। यसक्रममा द्वन्द्वकालीन यौन हिंसापीडितलाई न्याय दिनु राज्यको पहिलो प्राथमिकता हो भन्ने पनि सरकारले नबिर्सोस् !

# पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनुपर्छ

डा तेजबहादुर कार्की

आजको वैज्ञानिक युगमा अनुसन्धान भन्नासाथ हामी प्रायःपाश्चात्य सिद्धान्तमा आधारित एक प्रयोगशाला, तथ्याङ्क र मापनयोग्य परिणामलाई नै केन्द्रमा राख्ने गर्छौं। जब हामी कुनै अनुसन्धानको सुरुआत गर्छौं तब त्यो अनुसन्धानको सैद्धान्तिक आधारका लागि हाम्रो अवधारणासँग मिल्दोजुल्दो पाश्चात्य सिद्धान्त के छ, खोज्न थाल्छौँ। त्यसैलाई आधार मानेर अनुसन्धान गर्छौं र निष्कर्ष निकाल्छौँ।

तर, अनुसन्धानको सुरुकै चरणमा हामीले हाम्रो पूर्वीय दर्शन कति सम्पन्न छ भनेर खोज्ने प्रयास भने गर्दैनौँ। हामीले हाम्रो पूर्वीय दर्शनको गहन इतिहास, आध्यात्मिकता र चिन्तनले अनुसन्धानलाई नयाँ आयाम दिनसक्छ भन्ने विषयसम्मै पुग्दैनौँ। पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनसक्ने प्रशस्त सैद्धान्तिक आधार हामीसँगै छन्। यदि पूर्वीय दर्शनको गहनतामाथि यथेष्ट चिन्तन अघि बढायौँ र सैद्धान्तिक आवश्यकतामा यसको प्रयोग गर्‍यौँ भने यसबाट हाम्रो शैक्षिक गतिविधिमा नयाँ आयाम त थपिनेछ। त्यसपछि विश्वसामु हाम्रो पूर्वीय दर्शनले दिने ज्ञानलाई नै एक प्रमाणित र प्रामाणिक सिद्धान्तका रुपमा स्थापना गर्न सक्नेछौँ।

पूर्वीय दर्शनको ज्ञानलाई अनुसन्धानसँग जोड्न सकेमा अनुसन्धानकर्ताको शैक्षिक जीवनमा ठूलो परिवर्तन ल्याई गुणात्मकता पनि थप्ने छ। साथै हाम्रै सभ्यता र मौलिकताको पूर्वीय दर्शनलाई प्रयोगमात्र गर्‍यौँ भने पनि हाम्रो शिक्षा पद्दतिमा गुणात्मक परिवर्तन ल्याउन सकिनेछ। यसबाट विद्यार्थीको ज्ञानको दायरा अहिलेको भन्दा कैयौँगुणा फराकिलो बनाउन सघाउ पुग्नेछ। यसबाट अध्ययन अनुसन्धानकर्ताको शारीरिक र मानसिक स्वास्थ्यमा सकारात्मक परिवर्तन र अध्यात्मिक चेतना वृद्धि हुने त छँदैछ। यस्ता शैक्षिक जनशक्तिमा आउने यसप्रकारका परिवर्तनको अनन्त लाभ व्यक्तिमा मात्र सीमित नरहेर समाज र राष्ट्रसम्म नै पुग्नेछ। एकातर्फ हाम्रा दर्शन र सिद्धान्तहरु विश्वका अनुसन्धानदातासमक्ष छाउनेछन् भने अर्कातर्फ हाम्रा शैक्षिक जनशक्ति पनि सकारात्मक सोचले पूर्ण र अध्यात्मिक चेतले भरिपूर्ण भएर आउनेछन्।

पूर्वीय दर्शन विशेषगरी वैदिक, बौद्ध, जैन र योग दर्शन, हजारौँ वर्ष पुराना रहेको तथ्य त सबैमा विदितै छ। तर अहिलेसम्म यी ज्ञानका महासागरहरुलाई हामीले भने केबल धार्मिक मान्यताको परिधिभित्र मात्र सीमित पारिरहेका छौँ। यी अद्वितीय दर्शनहरुले मानवीय चेतना, ज्ञानको स्वरूप, नैतिकता र सदाचार, ब्रह्माण्डीय सत्यको खोजी आदिलाई केन्द्रबिन्दु बनाएका छन्। यति सम्पन्न यी दर्शनलाई हामीले धर्म र पौराणिकतामा मात्र राखेर बुझ्न र अध्ययन गर्न खोज्दा हामी नै पछिपरिरहेको अनुभूति हुनु स्वाभाविकै हो। उपनिषद्, पतञ्जलिको योगसूत्र, गीता, बुद्धका वचन, महावीर र अन्य धेरै ऋषिमुनि, सन्तहरुका अलौकिक उपदेश पूर्वीय ज्ञानका आधारस्तम्भ नै हुन्।

यी दर्शनले व्यक्तिभित्रको आत्मज्ञान र बाह्य प्रकृतिबीचको सन्तुलनलाई बडो आकर्षक रुपमा जोड दिएका छन्। जुन कुरा एक अनुसन्धानको मूल मर्मसँग पनि मेल खान्छ। एक अनुसन्धानकर्ताले पनि '३ पी' अर्थात् (पर्सन, प्लेस र प्रोबलम) को सुत्रः कुनै एक निश्चित भूगोलमा बस्ने व्यक्ति/समुदायले भोगेको वा अनुभव गरेको समस्यालाई आधार मानेर नै अनुसन्धान सुरु गर्ने हो। पूर्वीय दर्शनले दिने मुख्य ज्ञान भनेको आफूभित्रको सत्य बुझेर मात्र बाह्य सत्यको अनुभव सम्भव छ भन्ने नै हो। यसले आफैँमा अरुलाई खोज्नु अर्थात् आफूभित्रको सत्य नै अरुमा खोज्नु र तथ्य पत्ता लगाउनु हो भन्दछ। सारमा यसले बुझाउन खोजेको विषय भनेको सबै वस्तु आपसमा जोडिएका छन् ( अन्तरसम्बन्धत्व), ज्ञानको अन्तिम लक्ष्य आनन्द र शान्ति हो, दुःखको मूल कारण आशक्ति र अज्ञानता हो, ध्यान, योग र आत्मचिन्तनबाट मात्र वास्तविक ज्ञान पैदा हुन्छ भन्ने हो। यही ज्ञानले नै कुनै एक अनुसन्धानकर्ताले कस्तो विषयमा अनुसन्धान गर्नुपर्छ र कसरी गर्नुपर्छ भन्ने वास्तविकतालाई निर्देशित गर्छ। यसमा अनुसन्धानका विधि त विषयवस्तुको गहिराइ अनुसारका हुने नै भए।

पूर्वीय दर्शन केबल धार्मिक, पौराणिक आस्था मात्र होइन, नत सुन्ने परम्परा अर्थात् श्रुत ज्ञानहरुको सङ्ग्रह मात्र हो। यो त मानवीय पूर्ण चेतनाको परिष्कृतस्वरुप एवं जीवन रुपान्तरणको गहन र विशिष्ठ विज्ञान हो। यसले बाह्य संसारलाई भन्दाबढी आत्मअन्वेषण, विवेक र अनुभूतिलाई महत्व दिन्छ र जीवन र जगत्का जटिल समस्याहरूको पनि मूल कारण खोजेर समाधानका लागि आवश्यक दृष्टि प्रदान गर्दछ। हाम्रा छरिएर रहेका वैदिक, बौद्ध, जैन तथा अन्य दर्शन तथा दार्शनिक परम्पराका ज्ञानहरूलाई एकीकृत सिद्धान्तका रूपमा विकास गर्न सकिने अनेकन आधार र तथ्यहरु हामीसँगै छन्। यसो गर्न सकियो भने त्यसले केबल बौद्धिक सम्पदा समृद्ध बनाउने मात्र होइन, आधुनिक चुनौतीहरूको समाधानका लागि पनि मौलिक तथा वैचारिक आधारहरु निर्माण गर्न सक्दछ। मलाई लाग्दछ, पूर्वीय दर्शनले हामीलाई अनुकरणमा मात्र होइन, आफ्नै चिन्तन, विश्लेषण र आत्मबोधमा आधारित दार्शनिक आत्मनिर्भरतातर्फ उन्मुख गराउँछ।

हालको प्रतिस्पर्धात्मक शिक्षा प्रणाली, आधुनिकीकरण र कृत्रिम बुद्धिमताले विद्यार्थीमा मानसिक दबाब बढाएको पक्कै छ। यो दबाबले उनीहरुलाई तनावसमेत दिन थालेको छ। यसकारण उनीहरु एकाग्र र धैर्य बन्न पनि सकिरहेका छैनन्। त्यसकारण आफ्ना जीवनमा सफलता र समृद्धिको खोजिका लागि उनीहरु दशतिर कुद्नुपर्ने अवस्था सिर्जना भएको छ। यो दौडधूपले उनीहरुलाई केही हदसम्म भौतिक सुख त दिएको छ, तर मानसिक रुपमा भने दुःखी बनाइदिएको छ।

यस्तो अवस्थामा पूर्वीय ज्ञानको प्राप्तिले उनीहरुको व्यावहारिक पक्ष बलियो बनाउने छ। यसका लागि योग, प्राणायाम र आसनको वैज्ञानिक अध्ययन उचित हुन सक्छ। कुनै पनि व्यक्ति तथा अनुसन्धानकर्ताको बसाइको मुद्रा, सासको सजगता र नियमित योगले शरीरको रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि गर्न सक्छ। हृदय स्वास्थ्य र ऊर्जाको स्तर सुधार गर्छ। पूर्वीय दर्शनले विशेषगरी ध्यान (मेडिटेसन) र सजगता ( माइन्डफुलनेस) बाट तनाव, चिन्ता र अवसाद (डिप्रेसन) घटाउन मद्दत गर्छ। अनुसन्धानकर्ताका लागि धेरै घण्टासम्म एकाग्र भएर काम गर्दा मानसिक थकान हुन्छ। यस्तो अवस्थामा बुद्धको शिक्षा 'सम्यक स्मृति (माइन्डफुलनेस)' ले यस्तो थकान घटाएर भावनात्मक सन्तुलन कायम राख्न सक्छ। अध्ययन अनुसन्धानकर्ताहरुका लागि यी पद्दतिहरु अहिले अचुक औषधि पनि बनिरहेका छन्।

हाम्रा पूर्वीय दर्शनलाई सिद्धान्तका रुपमा स्थापित गर्न सकिने केही उदाहरणहरु जस्तैः गौतम बुद्धद्वारा प्रतिपादित चार आर्य सत्य बौद्ध दर्शनको मूल आधार हो। यी सत्यहरूले मानव जीवनको दुःख, त्यसको कारण, समाधान र समाधानतर्फ जाने मार्गलाई स्पष्ट व्याख्या गर्छन्। यसलाई मानव जीवनका दुःख बुझ्ने वा त्यसको निवारण गर्ने एक सिद्धान्तका रुपमा स्थापना गर्न सकिन्छ। यसो गर्दा हाम्रा लाखौँ युवालाई दुःखको अनुभूतिबाट मुक्त गरेर शान्ति र सुखानुभूतिको मार्गमा डोर्‍याउन सकिन्छ। यो नै राष्ट्र निर्माणमा टेवा पुर्‍याउनसक्ने जनशक्ति हो। यसरी नै बुद्धका त्रिरत्न ('बुद्धम् शरणम् गच्छामी', 'धम्मम् शरणम् गच्छामी' र 'सङ्गम शरणम् गच्छामी') लाई ज्ञानको व्यवस्थापन वा ज्ञानको दिगोपनाको सिद्धान्त बनाउन सकिन्छ। मुण्डकोपनिषदमा ज्ञानलाई दुई भाग परा विद्या (उच्च ज्ञान/आध्यात्मिक ज्ञान) र अपरा विद्या (निम्न ज्ञान/सांसारिक ज्ञान) मा वर्गीकरण गरिएको छ। यसका आधारमा पनि ज्ञानको अध्ययन गर्न सकिन्छ।

हाम्रो पूर्वीय दर्शनले जीवनका हरेक आयाम र अवस्थाको व्याख्या गरेको मात्र छैन, समस्याको समाधानका आधार पनि तयार पारेको छ। तर अब यसको गहन अध्ययन गरेर शिक्षा र अनुसन्धानमा समावेश गरी उच्च तहमा हुने अनुसन्धानमा सैद्धान्तिक आधार/मार्गचित्र बनाउन जरुरी छ। यसका लागि प्राज्ञिक व्यक्ति तथा अनुसन्धानकर्ताहरुको जोडबल आवश्यक छ। पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनु भनेको प्राचीन ज्ञानलाई आधुनिक वैज्ञानिक पद्धतिसँगै समायोजन गर्नु पनि हो। यसले अनुसन्धानकर्तालाई केबल तथ्य सङ्कलन गर्ने मेसिन मात्र बनाउँदैन, बरु संवेदनशील, सन्तुलित र समाजोपयोगी चिन्तक बनाउँछ। नेपालजस्तो सनातन पूर्वीय ज्ञानको भूमिमा प्राज्ञिक व्यक्तिहरुले यस विषयमा राष्ट्रिय बहस थाल्नु अतिआवश्यक छ किनभने आजको युगलाई समृद्धि र शान्ति दिने तथा जीवन र जगत्का हर समस्याको समाधान दिनसक्ने अनुसन्धानको जग नै पूर्वीय दर्शन हुनसक्छ। (डा कार्की नेपाल फिलसफिकल रिसर्च सेन्टरका अध्यक्ष हुनुहुन्छ)

## कमला नदीको

परेको सामान्य वर्षापछि डाइभर्सनको ठूलो भाग भासिएको छ। जसका कारण चारपाङ्ग्रे सवारी साधनको आवागमन पूर्ण रूपमा बन्द भएको छ। केही समय सहज रूपमा आवतजावत गर्दै आएका स्थानीयवासी पुनः समस्यामा परेका छन्।

उनका अनुसार हाल जोखिम मोलेर केही दुईपाङ्ग्रे सवारी साधन मात्र सञ्चालन भइरहेका छन्। डाइभर्सन भित्रको माटो बग्दै गएको छ। कटान जारी रहेकाले कुनै पनि बेला बाँकी भागसमेत भत्किन सक्छ। मुख्य डाइभर्सनमा क्षति पुगेपछि डुङ्गा चढेर जोखिमपूर्ण यात्रा गर्न बाध्य भएको सर्वसाधारणको गुनासो छ। स्थानीयहरू सिरहा नगरपालिका–५ बसबिट्टा घाटबाट डुङ्गा चढेर आवतजावत गरिरहेका छन्। डुङ्गा चढेबापत यात्रुले १५० रुपैयाँ तिर्नुपर्ने सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादवले बताए। कमला पुल निर्माणको काम भने लामो समयदेखि अलपत्र छ। करिब १५ वर्षअघि ठेक्का सम्झौता भएको पुल हालसम्म निर्माण सम्पन्न हुन सकेको छैन। २०७८ असार १७ गते आएको बाढीले पुलका दुई वटा जग भासिँदा चार वटा स्ल्याबमा क्षति पुगेको थियो। तीमध्ये सिरहातर्फका दुई स्ल्याब हटाइसकिएको छ भने धनुषातर्फका दुई स्ल्याब सुरक्षित रहेको प्राविधिक अध्ययनले देखाएको छ।

हुलाकी राजमार्गअन्तर्गत पर्ने उक्त पुल निर्माणका लागि २०६८ जेठमा पप्पु–लुम्बिनी जेभीसँग २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो। २०७१ मंसिरमै सम्पन्न हुनुपर्ने आयोजना हालसम्म पूरा हुन सकेको छैन। सात पटकसम्म म्याद थप भइसकेको यस आयोजनाको ठेक्का अवधि पुनः थप्ने प्रक्रिया चलिरहेको छ। हाल बाँकी निर्माण कार्य लुम्बिनी कम्पनीले गरिरहेको छ भने हालसम्म २० करोड ४३ लाख रुपैयाँ भुक्तानी भइसकेको जनाइएको छ।

## प्रअको लापरबाहीले ...

प्रधानाध्यापकबाट, न विद्यार्थीबाट कुनै जानकारी आएको छ, वास्तविक अवस्था बुझेर आवश्यक कदम चाल्छौं", उनले भने। यसैबीच, हालै सम्पन्न अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समितिमा ४ जना अभिभावक चयन भएपनि उनीहरू प्रधानाध्यापक निकट नरहेको कारण विद्यालय भित्र विवाद सिर्जना गरिएको स्थानीयवासीहरूको आरोप छ। विद्यालय जस्तो संवेदनशील संस्थालाई राजनीतिक अखडा बनाउने प्रवृत्तिले विद्यार्थीको भविष्यसँग खेलवाड गर्ने गरेको उनीहरूको भनाइ छ।

स्थानीय अभिभावक तथा सरोकारवालाहरूले सम्बन्धित निकायलाई घटनाको निष्पक्ष छानबिन गरी विद्यालयको शैक्षिक वातावरण तत्काल सामान्य बनाउन स्थानियहरुले माग गरेका छन्।

## सिरहा पुस्तकालयले...

पत्रकारिता पेशाप्रति अझ जिम्मेवार, निष्पक्ष र समर्पित भएर काम गर्न हौसला मिलेको बताए।

उनले आफ्नो पत्रकारिता यात्रा सिरहाकै गोलबजार नगरपालिकाबाट सञ्चालित 'गमक पोस्ट' अनलाइनमार्फत सुरु गरेका थिए। हाल उनी हिमालय टेलिभिजन र अनलाइनखबरका लागि सिरहाबाट काम गरिरहेका छन्। रायले सिरहा जिल्लामा रहेर कृषि, स्वास्थ्य, शिक्षा, विकास निर्माण, सुशासन, भ्रष्टाचार तथा विभिन्न सामाजिक सरोकारका विषयमा निरन्तर समाचार सम्प्रेषण गर्दै आएका छन्। उनका समाचारहरूले स्थानीय नागरिकका समस्या उजागर गर्नुका साथै सम्बन्धित निकायको ध्यानाकर्षण गराउन महत्वपूर्ण भूमिका खेल्ने गरेको छ।

सिरहा पुस्तकालयले हरेक वर्ष विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका व्यक्तित्वलाई सम्मान गर्दै आएको छ। गत वर्ष पत्रकार तथा लेखक चन्द्रकिशोर लाई सम्मान गरेका थिए।

# सङ्घीयताको कार्यान्वयनः मधेस प्रदेशका स्थानीय तहबाट करदाता सेवा

जनकपुरधाम, ६ असार। मधेस प्रदेशका स्थानीय तहमा करदाता सेवा विस्तार हुन थालेको छ। सङ्घीय सरकारले नागरिकलाई सहज, छरितो र पहुँचयोग्य सेवा प्रदान गर्ने उद्देश्यसहित अघि सारेको 'स्थानीय तहबाटै करदाता सेवा' अवधारणाले व्यावहारिक रूप लिन थालेको हो। नेपालमा सङ्घीयता लागू भएको एक दशक पुग्न लाग्दा पनि धेरै सार्वजनिक सेवा अझै केन्द्रित संरचनाबाट सञ्चालन हुँदै आएका छन्। कर प्रशासन पनि त्यसमध्ये एक थियो। स्थायी लेखानम्बर (प्यान) दर्ता, प्यान रूपान्तरण, आयकर दर्ता तथा अन्तःशुल्कसम्बन्धी विभिन्न प्रक्रियाका लागि सेवाग्राहीले घण्टौँ यात्रा गर्नुपर्ने अवस्था थियो।

विशेषगरी ग्रामीण क्षेत्रका नागरिक र साना व्यवसायीका लागि यो झन्झटिलो मात्र होइन, खर्चिलो पनि थियो। मधेस प्रदेशमा यसको प्रभावकारी कार्यान्वयन हुन थालेको देखिन्छ। यसलाई सङ्घीय शासन प्रणाली कार्यान्वयनको एउटा महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ। मधेस प्रदेशका ३२ वटा स्थानीय तहमा करदाता सेवा सुरु भएसँगै नागरिकले करसम्बन्धी कामका लागि जिल्ला सदरमुकाम वा आन्तरिक राजस्व कार्यालय धाउनुपर्ने बाध्यता कम हुँदै गएको छ। सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३२ स्थानीय तहमा सेवा सुरु हुनु त्यसको उदाहरण हो।

प्रदेशको आठ जिल्लाका १३६ स्थानीय तहमध्ये हालसम्म सप्तरी, धनुषा, सर्लाही, रौतहट र बाराका ३२ स्थानीय तहबाट करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालयहरूले जनाएका छन्। आन्तरिक राजस्व कार्यालय सिरहाका प्रमुख अमित पौडेलका अनुसार सप्तरीका १८ स्थानीय तहमध्ये १६ वटामा करदाता सेवा सुरु भइसकेको छ। बाँकी दुई पालिका पनि छिट्टै सुरु गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो।

सप्तरीको सप्तकोशी, कञ्चनरुप, हनुमाननगर कङ्कालनी, शम्भुनाथ, खडक नगरपालिका, बोदेबसाईन, डाक्नेश्वरी र सुरुङ्गा नगरपालिका तथा अग्निसाइर कृष्णासबरण, तिरहुत, महदेवा, तिलाठी कोइलाडी, राजगढ, विष्णुपुर, छिन्नमस्ता र बलानबिहुल गाउँपालिकामा करदाता सेवा सुरु भइसकेको प्रमुख पौडेलले जानकारी दिनुभयो। राजविराज नगरपालिका र रुपनी गाउँपालिकामा पनि छिट्टै सुरु गर्ने तयारी भइरहेको उहाँको भनाइ छ। सिरहामा भने कुनै पनि स्थानीय तहबाट अहिलेसम्म करदाता सेवा सुरु हुन नसकेको प्रमुख पौडेलले बताउनुभयो। आन्तरिक राजस्व कार्यालय लहान र सदरमुकाम सिरहास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयले सिरहा जिल्लामा करदाता सेवा पुऱ्याउँदै आएको छ।

यस्तै धनुषाको मिथिला नगरपालिका र क्षीरेश्वरनाथ नगरपालिकाले पनि केही दिनदेखि करदाता सेवा सञ्चालन गरेको आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ताले जानकारी दिनुभयो। धनुषाको केही स्थानीय तहहरूमा करदाता सेवा सञ्चालन सम्बन्धमा छलफल र सम्झौताको काम अघि बढेको उहाँले बताउनुभयो। सर्लाहीको लालबन्दी नगरपालिका, बागमती नगरपालिका, ईश्वरपुर नगरपालिका, हरिवन नगरपालिका, हरिपुर्वा नगरपालिका र हरिपुर नगरपालिकामा करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालय महोत्तरी बर्दिबासमा सूचना अधिकारी रोबिन साहले बताउनुभयो। सर्लाहीको बाँकी चारवटा पालिकामा करदाता सेवा सञ्चालनका लागि प्रयास भइरहेको उहाँको भनाइ छ।

आन्तरिक राजस्व कार्यालय सिमरा बाराका अनुसार रौतहटको सात वटा पालिकाबाट करदाता सेवा सञ्चालन भइसकेको छ। रौतहटको चन्द्रपुर नगरपालिका, गरुडा नगरपालिका, गुजरा नगरपालिका, कटहरीया नगरपालिका, गढीमाई नगरपालिका, फतुवा विजयीपुर नगरपालिकामा करदाता सेवा सुरु भइसकेको आन्तरिक राजस्व कार्यालय सिमरा बाराका प्रमुख दिनेश पाण्डेले बताउनुभयो। बारामा भने जितपुर सिमरा उपमहानगरपालिकाबाट मात्र करदाता सेवा सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो।


रौतहट र बाराका केही स्थानीय तहबाट करदाता सेवा सञ्चालनका लागि सम्झौता र तालिम दिने काम भइरहेकाले यथाशीघ्र ती पालिकामा पनि करदाता सेवा सुरु गर्ने तयारी भइरहेको प्रमुख पाण्डेको भनाइ छ। उहाँका अनुसार सिरहा, महोत्तरी र पर्सा जिल्लाको कुनै पनि स्थानीय तहले अहिलेसम्म करदाता सेवा सञ्चालन गर्न सकेको छैनन्। विगतमा आन्तरिक राजस्व कार्यालयहरूबाट दिँदै आएको व्यक्तिगत तथा व्यवसायी स्थायी लेखानम्बर जारी गर्ने, प्यान रुपान्तरण गर्ने तथा आयकर दर्तासम्बन्धी काम अब स्थानीय तहबाट प्राप्त हुन थालेका छन्। यसका साथै अन्तशुल्कसम्बन्धी इजाजत जारी तथा नवीकरण प्रक्रियाका लागि कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण पालिकाबाटै गरी अन्तिम स्वीकृति आन्तरिक राजस्व कार्यालयबाट डिजिटल हस्ताक्षरमार्फत हुने व्यवस्था रहेको जनाएको छ।

स्थानीय तहबाट करदाता सेवा सञ्चालन भएपछि पालिकाभित्रका करदातालाई सदरमुकामसम्म धाउनुपर्ने बाध्यता हट्नुको साथै करदातालाई समय र खर्च पनि बचत हुने सप्तरीको तिरहुत गाउँपालिकाका अध्यक्ष विजय यादवले विश्वास व्यक्त गर्नुभयो। करसम्बन्धी सेवालाई स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार र सङ्घीय निकायबीचको समन्वयलाई मजबुत बनाएको सङ्घीयता विज्ञसमेत रहनुभएका राष्ट्रियसभाका पूर्वसदस्य डा खिमलाल देवकोटाले बताउनुभयो।

"स्थानीय तहबाट सेवा प्रवाह हुनुको सबैभन्दा ठूलो लाभ नागरिकलाई पुग्नेछ", डा देवकोटाले भन्नुभयो, "पहिले एउटा प्यान दर्ता वा नवीकरणका लागि दिनभर समय खर्च गरेर जिल्ला सदरमुकाम पुग्नुपर्ने अवस्था थियो, अब त्यही सेवा आफ्नै पालिकाबाट प्राप्त गर्न सकिने भएको छ।" यसले समय र खर्च दुवै बचत गर्नुका साथै सेवाप्रति नागरिकको पहुँच बढ्ने र कर प्रणालीप्रति विश्वास पनि बलियो बन्ने अपेक्षा गर्न सकिने उहाँको भनाइ छ। सङ्घीय सरकारको यस व्यवस्थाले कर प्रशासनलाई थप व्यवस्थित र पारदर्शी बनाउन पनि मद्दत गर्ने सङ्घीयता विज्ञ डा देवकोटाले विश्वास व्यक्त गर्नुभयो। स्थानीय तह नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने निकाय भएकाले करदाताको विवरण अद्यावधिक राख्न, करसम्बन्धी जनचेतना अभिवृद्धि गर्न तथा नयाँ करदातालाई प्रणालीमा आबद्ध गराउन सहज हुने उहाँले बताउनुभयो।

"तर चुनौतीहरू पनि कम छैनन्", डा देवकोटाले भन्नुभयो, "मधेस प्रदेशका सिरहा, महोत्तरी र पर्सा जिल्लाका स्थानीय तहमा अझै सेवा सुरु हुन सकेको छैन। आवश्यक जनशक्ति, प्राविधिक पूर्वाधार, तालिम र समन्वयको अभावले सेवा विस्तारमा ढिलाइ भइरहेको देखिन्छ।" सङ्घीय सरकार, आन्तरिक राजस्व कार्यालय र स्थानीय तहबीच प्रभावकारी सहकार्य हुन सकेमात्र यो अभियान पूर्ण सफल हुन सक्छ उहाँको भनाइ छ। डिजिटल प्रणालीको प्रभावकारी प्रयोग अर्को महत्वपूर्ण पक्ष हो। स्थानीय तहबाट कागजात सङ्कलन र प्रारम्भिक प्रमाणीकरण भए पनि अन्तिम स्वीकृति डिजिटल हस्ताक्षरमार्फत आन्तरिक राजस्व कार्यालयबाट हुने व्यवस्था गरिएको छ। यसले सेवा प्रक्रियालाई आधुनिक र पारदर्शी बनाउने भए पनि इन्टरनेट, प्रविधि र दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्नुपर्ने आवश्यकता छ।

"सङ्घीयताको मूल मर्म भनेकै नागरिकलाई घरदैलोमा सेवा उपलब्ध गराउनु हो", नागरिक समाजका अगुवा राजकुमार साहले भन्नुभयो, "करदाता सेवा स्थानीय तहसम्म विस्तार हुनु यही मर्मको व्यावहारिक अभ्यास हो, मधेस प्रदेशमा सुरु भएको यो पहललाई देशका अन्य प्रदेशमा पनि प्रभावकारी रूपमा विस्तार गर्न सकिए कर प्रशासन थप नागरिकमैत्री बन्नेछ।" स्थानीय तहबाट करदाता सेवा सञ्चालन हुनु केवल प्रशासनिक सुधार मात्र होइन, नागरिकको समय, श्रम र खर्च बचाउने तथा राज्यप्रति विश्वास बढाउने महत्वपूर्ण कदम भएको उहाँको भनाइ छ।






# 'ड्रागन फ्रुट'खेतीबाट १२ लाख आम्दानी

इनरुवा, ६ असार। जिल्लाको हरिनगर गाउँपालिका–३ गौतमपुरका किसान रामेश्वर मेहताले पाँच कट्ठा जग्गामा ड्रागन फ्रुटखेती गर्नुभएको छ। उहाँले करिब रु आठ लाख लागतमा खेती सुरु गर्नुभएको हो। मेहताका अनुसार रु एक लाख ५६ हजार बिरुवामा मात्रै खर्च भएको छ। बाँकी खर्च पिलर, टायर/होल्डर, कम्पोष्ट मल, सुडामोनस, खाद्य, रोपाइँ तथा तीन पटकसम्मको सिँचाइ, मजदुरको ज्यालालगायतमा खर्च भएको मेहताले जानकारी दिनुभयो। "खेती सुरु गर्दा आम्दानीभन्दा खर्च बढी थियो। अहिले आम्दानी हुन थालेपछि उत्साहित भएको छु", उहाँले भन्नुभयो।

परम्परागत खेती छाडेर व्यावसायिक रूपमा ड्रागनखेती गरेकामा यस वर्ष पाँच कट्टामा रोपिएका बिरुवाबाट रु १२ लाखभन्दा बढी आम्दनी हुने लक्ष्य लिएको मेहताले बताउनुभयो। सुरुआती लगानी र मेहनतपश्चात् अहिले उहाँले उत्साहजनक प्रतिफल प्राप्त गरिरहनुभएको छ। प्रतिकट्ठा करिब एक हजार ४०० किलो ड्रागन फ्रुट उत्पादन हुने लक्ष्य रहेको मेहताले बताउनुभयो। अन्नबालीमा मात्र सीमित रहने यस क्षेत्रका कृषकका लागि रामेश्वर मेहताको यो व्यावसायिक खेती एउटा अनुकरणीय र प्रेरक उदाहरण बनेको छ।

कम मेहनत र राम्रो बजार भाउ पाउने भएपछि स्थानीयस्तरमा यसको खेतीतर्फ अन्य कृषकको आकर्षण बढ्न थालेको छ। यस खेतीबाट प्रशस्त आम्दनी आउन थालेपछि खेती विस्तार गर्ने तयारी थालेको किसान मेहताले बताउनुभयो। जिल्लामा ५० हेक्टर क्षेत्रफलमा ड्रागन फ्रुटखेती हुँदै आएको कृषि ज्ञान केन्द्र इनरुवाका प्रमुख नीलकमल सिंहले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लामा १२ दशमलव पाँच मेट्रिकटन प्रतिहेक्टर ड्रागन फ्रुट उत्पादन हुँदै आएको छ।

# मधेस सरकारद्वारा ११ महिनामा रु ३० अर्ब १७ करोड राजस्व सङ्कलन



जनकपुरधाम, ६ असार। मधेस प्रदेश सरकारले चालु आर्थिक वर्षको ११ महिनामा रु ३० अर्ब १७ करोड १४ लाख ७३ हजार राजस्व सङ्कलन गरेको छ। प्रदेश सरकारको अर्थ मन्त्रालयका अनुसार चालु आवको हालसम्म आन्तरिक राजस्व सङ्कलन रु चार अर्ब ५९ करोड ३३ लाख ८४ हजार रहेको छ। प्रदेश सरकारको आन्तरिक राजस्व सङ्कलनको मुख्य आयस्रोतका रूपमा घरजग्गा रजिस्ट्रेशन र सवारीसाधन कर मानिन्छ। सो अवधिमा घरजग्गा रजिस्ट्रेशनबाट रु एक अर्ब १८ करोड १२ लाख ९५ र सवारीसाधन करबाट रु दुई अर्ब एक करोड ५० लाख ५० हजार राजस्व सङ्कलन भएको मधेस प्रदेश सरकारका अर्थ मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले जानकारी दिनुभयो।

उहाँका अनुसार चालु आव २०८२/८३ मा सवारी चालक अनुमतिपत्र वितरण तथ सवारी दर्ता दस्तुरबाट रु ६८ करोड ८२ लाख ७० हजार, यातायात क्षेत्रको आम्दानीबाट रु ११ करोड १० लाख ५९ हजार, दहत्तर बहत्तरको बिक्रीबाट रु १० करोड नौ लाख ३५ हजार राजस्व सङ्कलन भएको छ। यस्तै, प्रदेश सरकारले बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत रु सात अर्ब ७५ करोड ६४ लाख ९९ हजार, अन्तःशुल्क करबापत रु दुई अर्ब ७७ करोड ४१ लाख प्राप्त भएको मन्त्रालयले जनाएको छ। त्यसैगरी, सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत ११ महिनाको अवधिमा रु सात अर्ब छ करोड १६ लाख ७८ हजार, सशर्त अनुदान चालुतर्फ रु दुई अर्ब १७ करोड २७ लाख ७२ हजार, सशर्त पुँजीगततर्फ रु एक अर्ब ५६ करोड ३० लाख ४० हजार प्राप्त भएको सूचना अधिकारी झाले बताउनुभयो।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारीसाधन खरिद बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारणले अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको उहाँको भनाइ छ।

# गर्मीले मधेसको जनजीवन प्रभावित : बिरामी बढे, मजदुर वर्ग मारमा

जनकपुरधाम, ६ जेठ। मधेस प्रदेशमा केही दिन यता अत्यधिक गर्मीले जनजीवन कष्टकर बन्दै गएको छ। मधेस प्रदेशका अधिकांश जिल्लामा तापक्रम ३५ डिग्री सेल्सियसभन्दा माथि पुगेपछि सर्वसाधारणलाई घरबाहिर निस्कनसमेत कठिन हुन थालेको छ। चर्को घाम र तातो हावाले दैनिक जीवन प्रभावित हुँदा सबैभन्दा बढी असर दैनिक ज्यालादारी गरेर जीवन निर्वाह गर्ने मजदुर, किसान, सवारी चालक, ठेला व्यवसायी तथा साना व्यापारीहरूमा परेको छ।

गर्मी बढेसँगै बजार क्षेत्रमा चहलपहल घटेको छ भने विद्यालय, स्वास्थ्य संस्था तथा सरकारी कार्यालयहरूमा समेत यसको प्रभाव देखिन थालेको छ। दिउँसोको समयमा सडकहरू सुनसान देखिन थालेका छन्। अत्यधिक गर्मीका कारण लु लाग्ने, टाउको दुख्ने, शरीरमा पानीको कमी हुने, झाडापखाला, ज्वरो तथा अन्य गर्मीजन्य रोगका बिरामीको संख्या बढ्दै गएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

गर्मी बढेसँगै सर्पदंशका घटना पनि बढ्न थालेको छ। प्रादेशिक अस्पताल जनकपुरधाममा दैनिक चारदेखि पाँच जनासम्म सर्पदंशका बिरामी उपचारका लागि आउने गरेको अस्पताल स्रोतले जनाएको छ। गाउँघरमा गर्मी बढेसँगै सर्पको जोखिमसमेत बढेको नगराइन नगरपालिका ५ काली मण्डलले बताए। मधेस प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार जनकपुर, वीरगञ्ज, जलेश्वर, राजविराज तथा सिराहालगायतका अस्पतालहरूमा बिरामीको चाप बढेको छ। विशेषगरी ज्वरो, टाउको दुख्ने, झाडापखाला, रिंगटा लाग्ने तथा सर्पदंशका बिरामीको संख्या बढ्दै गएको मन्त्रालयले जनाएको छ ।

चर्को गर्मीका कारण सबैभन्दा बढी समस्यामा दैनिक श्रम गरेर परिवार पाल्ने वर्ग परेको छ। तापक्रम उच्च हुँदा पनि उनीहरू काम गर्न बाध्य छन्। काम नगरे आम्दानी रोकिने र परिवारको गुजारा चलाउन समस्या हुने भएकाले उनीहरूमा जोखिम बढ्दै गएको छ। जनकपुरधाम उपमहानगरपालिका–४ स्थित जिल्ला अदालत अगाडि सानो पसल सञ्चालन गर्दै आएकी ६० वर्षीया गीतादेवीले गर्मीका बाबजुद काम नगरी छाक टार्ने विकल्प नभएको बताइन्। उनले भनिन्, 'घाम निकै चर्को हुन्छ, तर व्यापार नगरे खान समस्या हुन्छ। छोराछोरीको सहारा छैन, आफैँ काम गर्नुपर्छ। नगरपालिकाले कहिले पेटीबाट हटाइदिन्छ भन्ने डर पनि छ। एउटा राम्रो छानासमेत छैन। दिनभर पसिनाले भिजिएर बस्नुपरेको छ।'

जनकपुरधाम–६ का हरिदेव राउत हार्डवेयर पसलमा सिमेन्टको बोरा बोक्ने काम गर्छन्। उनले भने, 'यो गर्मीमा काम गर्नु हाम्रो रहर होइन, तर काम नगरे परिवार पाल्न सकिँदैन। एक दिन काममा नआए साहुले अर्को मानिस राख्ने डर हुन्छ। त्यसैले जति गर्मी भए पनि काम गर्नैपर्छ।' ठेला चालक, कुली तथा फुटपाथ व्यवसायीहरूले पनि यस्तै समस्या भोगिरहेका छन्। गर्मी बढेसँगै विद्युत् खपतसमेत बढेको छ। जसका कारण कतिपय स्थानमा विद्युत् आपूर्तिमा समस्या देखिएको स्थानीयवासी बताउँछन्।बारम्बार विद्युत् अवरुद्ध हुँदा सर्वसाधारण थप समस्यामा परेका छन्।

मधेस प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. मुक्तिनारायण साहले गर्मीमा रिंगटा लाग्ने, झाडापखाला, शरीरमा पानीको कमी हुने तथा सर्पदंशका बिरामी बढेको भन्दै सचेत रहन आग्रह गरेका छन्। अस्पतालहरूमा उपचार व्यवस्थापनलाई थप प्रभावकारी बनाउन मन्त्रालयले सबै अस्पतालसँग समन्वय गरिरहेको उनले बताए। मन्त्रालयले सर्वसाधारणलाई अत्यावश्यक कामबाहेक दिउँसोको समयमा घरबाहिर ननिस्किन, पर्याप्त पानी पिउन, छाता वा टोपीको प्रयोग गर्न तथा बालबालिका र ज्येष्ठ नागरिकको विशेष हेरचाह गर्न आग्रह गरेको साहले जानकारी दिए।

यता वातावरणविद् अजित श्रीवास्तवले जलवायु परिवर्तनका कारण मधेसमा गर्मीको प्रभाव बर्सेनि बढ्दै गएको बताए। उनले भने, 'रुख रोप्ने काम त भइरहेको छ, तर संरक्षणमा ध्यान पुगेको छैन। एउटा बिरुवालाई कम्तीमा पाँच वर्षसम्म संरक्षण गर्न सकेमात्र त्यसको वास्तविक लाभ पाइन्छ। मधेसका धेरै पोखरी तथा जलस्रोतको उचित व्यवस्थापन हुन सके तापक्रम सन्तुलनमा मद्दत पुग्छ।' श्रीवास्तवले चुरे क्षेत्रको संरक्षण, गाउँगाउँमा हरियाली विस्तार तथा प्राकृतिक स्रोतको संरक्षणमा जोड दिनुपर्ने बताए।

# चुरे बस्तीमा बाघ आतङ्क



महोत्तरी, ६ असार। महोत्तरीको चुरेकाछका बस्तीमा बाघको आतङ्क बढेको छ। जिल्लाको पूरै चुरे क्षेत्र ओगटेको बर्दिबास नगर क्षेत्रका काछ बस्तीमा पछिल्लो साता बाघको आतङ्क बढेको हो। गत आइतबार बर्दिबास–५ टुटेश्वर सिरानको वरडाँडा बस्तीमा राति गोठ पसेर घरपालुवा पशुबस्तु मारेको बाघ अहिले नगरको पूर्वी काछ बस्तीमा आइपुगेको छ। गोठ पसेर गाईगोरु, बोका, बाख्रा र सुँगुर मार्ने वन्यजन्तु पाटे बाघ भएको शुक्रबार राति पहिचान भएको छ।

“लगातार चार दिनदेखि बर्दिबास–३ को रातु नदीको पश्चिमतिरको पाटु डाँडामा राति बोका, बाख्रा र सुँगुर मारेको थियो, कुन जन्तु हो एकिन भएको थिएन”, बर्दिबास–३ का वडाध्यक्ष विराट विष्टले भने, “शुक्रबार राति भने पहरा दिएर बसेका गाउँलेले सानो बच्चा (डमरु) सहित पाटेबाघ देखेका हुन्।” राँको बालेर टिन ठटाएपछि बाघ घना जङ्गलभित्र पसेको पाटुकै बासिन्दा कारेभोगटे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रमेश पौडेल खत्रीले बताए।

“हाम्रो बस्तीमा बुधबार रातिदेखि लगातार सुँगुर, बोका र बाख्रा खोरबाटै थुतेर मारेको थियो, कहिले मार्यो चिनिएको थिएन”, खत्रीले भने, “हिजो शुक्रबार साँझैदेखि पहरा दिएर बस्यौं, बच्चासहितको पाटे बाघ देखियो।” शुक्रबार राति बाघ जङ्गल पसेपनि स्थानीय आतङ्कित भएका छन्। बाघले बुधबार राति पाटु डाँडाका कृष्णबहादुर मगरको सुँगुरको चार/पाँच धार्नीको पाठो र बिहीबार राति रुपमायाँ खड्काको आठ/नौ धार्नीको बोका र गर्भिणी बाख्रा खोरबाटै थुतेर लगेर मारेको थियो।

यसअघि करिब १५ किलोमिटर पश्चिमको बर्दिबास–५ वरडाँडामा बाघले साताको प्रारम्भमा सो बस्तीका प्रेमबहादुर थिङ्को लैनो गाई र वृजबहादुर थिङ्को बाछो मारेको थियो। वरडाँडाका बासिन्दाले पनि मंगलबार राति राँको बालेर होहल्ला गरेपछि बाघ पूर्व लागेको थियो। बाघको आतङ्क बढेपछि बस्ती वरपर खेतबारी हिँडडुलमा पनि डर भएको पाटुकै बासिन्दा ओमबहादुर खड्का बताउँछन्। अहिले चुरे काछका बासिन्दाहरु बाघ बस्ती पस्न नदिन वनसम्बन्ध अधिकारीसँग गुहार लगाइ रहेका छन्। यसैबिच, चुरे क्षेत्रका सामुदायिक वन उपभोक्ता समिति र वनसम्बद्ध यस क्षेत्रका कार्यालयले साँझपख हिँडडुल नगर्न, बस्ती वरपर चनाखो भएर रहन र घरपालुवा पशुबस्तु खोर वा गोठमा बन्दिलो गरी सुरक्षित राख्न अपिल गरेका छन्।

# बागमती नदीमा जलउत्पन्न विपद् उद्धार अभ्यास सम्पन्न

रौतहट, ६ असार। सशस्त्र प्रहरी वल नेपालको विशेष सक्रियतामा शुक्रबार बागमती नदीमा जलउत्पन्न विपद् उद्धारसँग सम्बन्धित अभ्यास सफलतापूर्वक सम्पन्न भएको छ। सशस्त्र प्रहरी वल नेपालअन्तर्गत छिन्नमस्ता बाहिनीको आयोजना तथा मधेस प्रदेश सरकारको सहयोग र समन्वयमा रौतहट तथा सर्लाही जिल्लास्थित बागमती नदीमा उद्धार, सहयोगसम्बन्धी कृतिम अभ्यास सम्पन्न भएको हो।

नेपालमा हरेक वर्ष मन्सुनी वायु सक्रिय भएसँगै हुने सम्भावित जोखिमलाई सहजरूपमा सम्बोधन गर्न सघाउ पुर्याउने उद्देश्यले यस वर्ष पनि सो अभ्यास गरेको आयोजकको भनाइ छ। रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले बाढी, डुवानलगायत प्रकोपजन्य घटनाबाट रौतहटलगायत तराईका जिल्लामा वर्षेनी ठूलो जनधनको नोक्सानी हुनेगरेको बताउँदै त्यसबाट जोगिन शसस्त्र प्रहरी बलको सक्रियतामा कृतिम अभ्यास गरेको स्पष्ट गर्नुभयो।

नदीमा अचानक बाढी आउँदा वा मानिस फस्दा व्यक्तिलाई सुरक्षित तरिकाले उद्धार गर्न सहयोग पुर्याउने उद्देश्यले स कृतिम अभ्यास जिल्लास्थित बागमती नदीमा गरिएको जानकारी दिँदै सशस्त्र प्रहरी वल, रौतहट जिल्ला प्रमुख एवम् गणपति रामहरि अधिकारले भन्नुभयो, “मौसमजन्य विपद्लाई लक्षित गर्दै जनधनको क्षति न्यूनीकरणका पक्षमा कृतिम अभ्यास गरिएको हो। तराई क्षेत्रमा वर्षेनी हुने जनउत्पन्न प्रकोपजन्य घटनाबाट जोगिन यस किसिमको अभ्यास फलदायी हुने विश्वास लिएका छौँ।”

सो अवसरमा मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले सीमा सुरक्षा, आन्तरिक सुरक्षा, शान्ति सुव्यवस्था कायम गर्ने दायित्व बोकेको सशस्त्र प्रहरीको प्रकोपजन्य घटनामा समेत महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। बलको छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति एवम् प्रहरी नायव महानिरीक्षक विष्णुप्रसाद भट्टले समग्र मधेस प्रदेशमा हुने जनधनको क्षति न्यूनीकरण तथा रोकथामका लागि कृतिम घटनामा आधारित ‘सिमुलेसन’ अभ्यास उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

रौतहट, सर्लाही, महोत्तरीलगायतका जिल्लाका विभिन्न पालिकाका प्रमुख, सुरक्षा निकायका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधरणसमेतको उल्लेख्य उपस्थितिमा आज बागमती नदीमा जलउत्पन्न विपद् उद्धार अभ्यास सम्पन्न भएको हो।


## माईग्रेसन हराएको सूचना

यही मिति २०८३।०१।१० गतेका दिन घरबाट लहान जाने क्रममा माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : सरिता कुमारी यादव**
**ठेगाना : सुखिपुर न.पा.–२, सिरहा**
**रजिष्ट्रशन नं.: ७–२–१०–६७–११५–२०२०**
**मोबाईल नं. :९८०२५००००८**

## विषालु हुन सक्छन् जङ्गली च्याउ नछुऔं, नखाऔं


वर्षा ऋतुको आगमनसँगै जङ्गली च्याउहरु उम्रिन थाल्छन्। तर, जङ्गली च्याउहरु विषालु हुने भएकाले च्याउ खाँदा गम्भीर बिरामी परिने र मृत्युसमेत हुनसक्ने खतरा हुन्छ।





पकाउँदा पनि च्याउमा हुने विष कम हुँदैन । त्यसैले जङ्गली च्याउ कहिल्यै नखाऔं ।

**लहान नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल



**६ नं. वडा कार्यालय**
गोलबजार नगरपालिका
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल



मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)